# माछापुच्छ्रे बैंक लिमिटेडको
# छब्बीसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०८१/०९/०५ गते बसेको सञ्चालक समितिको ५१८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको छब्बीसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थान :

**मिति** : २०८१ साल पौष २८ गते (तदनुसार १२ जनवरी, २०२५) आइतबार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की ।

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

(क) श्री रोशन के.सी. - अध्यक्ष
(ख) श्री जय मुकुन्द खनाल - सञ्चालक
(ग) श्री मुकुन्द महत - सञ्चालक/लेखापरीक्षण समितिका संयोजक
(घ) श्री विश्व प्रकाश गौतम - सञ्चालक
(ङ) श्री बन्दना कार्की - सञ्चालक
(च) श्री पेशल राज पोखरेल - सञ्चालक
(छ) श्री अनिश साह - सञ्चालक

### व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

(क) श्री सन्तोष कोईराला - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री प्रसिद्ध राज अर्याल - नायव प्रमुख कार्यकारी अधिकृत
(ग) श्री विश्वम्भर न्यौपाने - नायव प्रमुख कार्यकारी अधिकृत
(घ) श्री सुभाष जमरकटेल - नायव महाप्रबन्धक/कम्पनी सचिव
(ङ) श्री खगेन्द्र पौडेल - प्रमुख, वित्त तथा योजना विभाग
(च) श्री सुरेन्द्र पाठक - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग

### आमन्त्रितहरूको उपस्थिति :

(क) श्री अशेष राजवाहक - जी.पी.राजवाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, लेखापरीक्षक
(ख) श्री प्रभात भण्डारी - निर्वाचन अधिकृत
(ग) श्री गोविन्द श्रेष्ठ - लिगल सर्भिस एसोशिएट्स प्रा.लि.,कानूनी सल्लाहकार

Machhapuchchhre Bank Ltd. Head Office

**शेयरधनीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ३९४ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ११० जना |
| | **जम्मा उपस्थिती** | - | **५०४ जना** |

## ४. सभाको सूचना :

बैंकको छब्बीसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०८०/८१ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०८१ पौष ६ गतेको राजधानी दैनिकमा र पौष १९ गतेको आर्थिक अभियान पत्रिकामा प्रकाशित गरिएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाज र समाधान राष्ट्रिय दैनिकमा सोहि मिति अर्थात पौष १९ गते प्रकाशित गर्नुका साथै बैंकको वेबसाईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना उपलब्ध भएसम्म शेयरधनीहरुको सम्पर्क मोबाइल नम्बरमा एस.एम.एस. मार्फत तथा साधारण सभाको सूचना र सञ्चालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म शेयरधनीहरुको इमेल ठेगानामा समेत पठाईएको थियो ।

## ५. सभामा पेश भएका छलफलका विषयहरु :

**(क) सामान्य प्रस्ताव** :

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको २६ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज् लिमिटेड" को आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र नियुक्तीका शर्त तथा पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री जी.पी.राजबाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य रहेको) ।



Machhapuchchhre Bank Ltd. Head Office

५. नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्था (Institute of Chartered Accountants of Nepal) ले तोकेको न्यूनतम पारिश्रमिकको मापदण्ड बमोजिम हुने गरी आ.व. २०८०/८१ को लागि सञ्चालक समितिले थप गरेको लेखापरीक्षकको पारिश्रमिक उपर छलफल गरी अनुमोदन गर्ने ।

६. सञ्चालक समितिमा संस्थापक शेयरधनी समूहको तर्फबाट रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिले साविक सञ्चालकहरुको बाँकी कार्यकालसम्मको लागि गरेको सञ्चालकहरुको नियुक्ती अनुमोदन गर्ने तथा स्वतन्त्र सञ्चालकको नियुक्तीको जानकारी सम्बन्धमा ।

७. सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकको शेयर संरचनामा अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) सम्बन्धि व्यवस्था थप गर्ने तथा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

विविध अन्तर्गत केही विषय नभएको ।

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयरधनीको संख्या | जम्मा उपस्थित शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ५५,३२२ (क र ख समुह) | ५०४ (स्वयं ३९४ जना र प्रतिनिधिपत्रद्धारा ११० जना) | ६,३१,४०,९६५ | ५४.३३% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५४.३३% प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व

गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडि बढ्यो ।

## ८. सञ्चालक श्री जय मुकुन्द खनालज्यूबाट स्वागत मन्तव्य :

बैंकका सञ्चालक श्री जय मुकुन्द खनालज्यूले बैंकको यस छब्बीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु एवं आमन्त्रित अतिथि महानुभावहरुलाई बैंक तथा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो । साथै, माछापुच्छ्रे बैंकका पूर्व अध्यक्ष स्वर्गीय श्री सूर्य बहादुर के.सी.ले बैंकको स्थापना तथा प्रबर्द्धनमा पुऱ्याउनु भएको अतुलनीय योगदानको पुन : स्मरण गर्दै श्रद्धाशुमन व्यक्त गर्नु भयो ।

माछापुच्छ्रे बैंकले संस्थापनाको २४ औं वार्षिकोत्सव सम्पन्न गरी वाणिज्य बैंक उद्योगमा राम्रो पकड जमाइसकेको व्यहोरा यस सभामा सुनाउन पाउँदा गौरवान्वित महसुस भएको बिचार व्यक्त गर्नु भयो । डिजिटल बैंकिङ्ग / स्मार्ट बैंकिङ्गको क्षेत्रमा यस बैंकले जनाएको सशक्त उपस्थिति नै यसको ज्वलन्त उदाहरण रहेको बताउनु भयो । साथै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइराला नेपाल बैंकर्स संघको अध्यक्षमा निर्वाचित हुनु भएकोमा बधाई दिदै उहाँको कार्यकाल समग्र बैंकिङ्ग उद्योग तथा विषेश गरी माछापुच्छ्रे बैंकको उन्नयनका लागि सफलसिद्ध रहोस भनि शुभकामना समेत व्यक्त गर्नु भयो ।

विगत केही वर्ष देखि मुलुकको आर्थिक स्थिति थिल्थिलो अवस्थामा रहेको व्यहोरा यहाँहरुका लागि नौलो विषय होइन । के कस्ता अवयवका कारणले देशको आर्थिक स्थितिमा नकारात्मक प्रभाव पारिरहेको छ भन्ने विषयहरुलाई बैंकको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गरेको कुरा सभालाई अवगत गराउनु भयो । पहिलो वर्षहरुमा पर्याप्त तरलताको अभाव, प्राथमिक पूँजीकोषमा आएको संकुचन जस्ता कारणले व्यवसाय विस्तार गर्न नसकेको र पछिल्लो वर्षमा अति तरलताका बावजुद पनि व्यवसाय विस्तार नभएको व्यहोरा सभामा अवगत गराउँनु भयो । साथै, उहाँले हाल समग्र बैंकिङ्ग व्यवसाय यहि समस्याबाट ग्रसित भएको समेत बताउनु भयो । त्यसमाथि, उद्योगी व्यवसायीको आत्मविश्वासमा आएको खलल, नियामकीय निर्देशन एवं विग्रेका ऋण असुल उपर गर्न जाँदा आइपर्ने विविध किसिमका प्रशासकिय एवं व्यवहारिक कठिनाइका कारणले बैंकिङ्ग उद्योगकै खराव ऋणको आकार बढ्दै गइरहेको यथार्थता बारे अवगत गराउदै अथक मेहनत र बैंकिङ्ग चातुर्यताका बावजुत पनि खराव ऋणलाई वान्छित सीमा भित्र राख्ने चुनौति भएतापनि पनि माछापुच्छ्रे बैंकले गत आर्थिक वर्षमा सन्तोषजनक आर्थिक प्रगति गरेको भनि सञ्चालक समितिले ठहर गरेको समेत उल्लेख गर्नु भयो ।

गत आर्थिक वर्षमा बैंकले गरेको आयबाट नियामकिय निर्देशन वमोजिम थप ऋण नोक्सानी व्यवस्था गर्नु परेको कारणले उक्त आर्थिक वर्षको मुनाफाबाट शेयरधनीहरुलाई लाभांश वितरण गर्न असमर्थ रहेको व्यहोरा साधारण सभामा जानकारी गराउँनु भयो । साथै, ऋण नोक्सानी व्यवस्था अस्थायी भएको र ऋणीबाट बैंकको ऋण उठाउन सकिने भएकोले ऋण नोक्सानी व्यवस्थाको आकार घट्ने समेत विश्वास व्यक्त गर्नु भयो । यसका साथै सञ्चालक समितिको ध्यान कसरी खराव कर्जालाई असल कर्जामा परिणत गर्ने एवं अहिले रहेको पर्याप्त तरलतालाई असल ग्राहकलाई ऋण दिने भन्ने विषयमा रहेको समेत बताउँनु भयो । गत आर्थिक वर्षमा आर्जित मुनाफालाई ऋणपत्रको भुक्तानी कोषमा जम्मा गरिएको र सो रकमबाट भविष्यमा शेयरधनी महानुभावहरुले लाभांश (वोनस सेयर) प्राप्त गर्नुहुने तथा गत आर्थिक वर्षको मुनाफाबाट बैंकले लाभांश वितरण गर्न नसकेको भएतापनि चालु आर्थिक वर्षको व्यवसायको प्रारम्भिक स्थिति हेर्दा चालु आर्थिक वर्षको अन्त्य सम्ममा हामीले मुनासिव माफिकको आकारमा वितरण योग्य आय आर्जन गर्ने कुराको विश्वास सभा समक्ष दिलाउँनु भयो ।



Machhapuchchhre Bank Ltd.
Head Office

बैंकिङ्ग व्यवसायको आयको आधार नेपाल सरकारको नीति, नियामकीय निकायको निर्देशनहरु तथा ग्राहकहरुको अनन्त विश्वासको स्थितिमा भर पर्ने भएकोले हामीले "हतारमा अघि बढ्नु भन्दा पनि जोगिएर अघि बढ्ने" रणनीति अवलम्वन गरिरहेको र सो रणनीतिले बैंकलाई आफ्नो गन्तव्य हासिल गर्न मद्दत पुऱ्याउने विश्वास ब्यक्त गर्नुभयो । देशको समग्र आर्थिक अवस्थालाई सुदृढ गर्ने सन्दर्भमा हालसालै नेपाल सरकार समक्ष प्रस्तुत गरिएको "उच्च स्तरीय आर्थिक सुधार समितिको सुझाव प्रतिवेदन" का सुझावहरुको आधारमा आगामी नीतिहरु तय हुने भएकोले आगामी दिनहरुमा बैंकिङ्ग व्यवसाय गर्न केहि सहज हुने अनुमान भएको बताउनु भयो । उक्त प्रतिवेदनका आधारमा जारी हुने नीति निर्देशनलाई आधार मानेर बैंकले सोहि बमोजिमको व्यवसायिक रणनीति तय गर्ने व्यहोरा साधारण सभा समक्ष जानकारी गराउनु भयो ।

शेयरधनी महानुभावहरु बैंकको आधारशीला भएको र शेयरधनी महानुभावहरुको अटुट विश्वास र साथका कारणले नै माछापुच्छ्रे बैंक आजको दिन प्रतिस्पर्धी बैंकको रुपमा स्थापित हुन पुगेका धारण व्यक्त गर्नु भयो । बैंकिङ्ग उद्योगमा विकाश भएका नयाँ नयाँ प्रविधि र प्रचलनलाई अंगिकार नगर्ने हो भने हामी प्रतिस्पर्धी बन्न पनि सक्दैनौं, यस परिप्रेक्ष्यमा हाम्रो ध्यान ती नयाँ नयाँ प्रविधि र प्रचलन स्थापित गराउँदा आई पर्ने नयाँ प्रवृतिका जोखिमहरुको न्यूनीकरण कसरी गर्ने भन्नेमा रहने गरेको छ ता कि बैंकिङ्ग उद्योगमा रहेको हाम्रो साख र शेयरधनीको पूँजीमा ह्रास नआओस् भन्ने उद्देश्यका साथ बैंकको सञ्चालक समितिले, आत्म संयमी र अनुशासित रही सुशासन र अनुपालनामा जोड दिई बैंक व्यवस्थापनलाई डोऱ्याउदै आएको तथ्य सभालाई अवगत गराउँनु भयो । साथै शेयरधनीहरुले सञ्चालक समितिप्रति गर्नु भएको विश्वासको कडीलाई कायम राख्न सञ्चालक समिति सदैव सचेत रहेको बताउँदै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई निमन्त्रणा स्वीकार गरी उपस्थित जनाईदिनु भएकोमा आभार व्यक्त गर्दै सञ्चालक समितिले प्रस्तुत गरेका साधारण एवं विशेष प्रस्तावका कार्यसूचीहरु माथी बौद्धिक एवं तर्कपूर्ण छलफल गरी ती प्रस्तावहरु पारित गरिदिन आह्वान गर्नु भयो ।

## ९. सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री रोशन के.सी.ले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको बैंकको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका सामान्य र विशेष प्रस्तावको विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलमा भाग लिने क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. श्री अंगराज भारती**

१. यस बैंक बैंकिङ्ग क्षेत्रमा अग्रणी रहेता पनि लाभांश वितरण नगरेकोमा गुनासो व्यक्त गर्नु भएको ।
२. यस संस्थालाई अगाडी बढाउनको लागि सानो सानो कुराहरुमा ध्यानकार्षण गर्नुपर्ने ।
३. बैंकको कमी कमजोरीहरुलाई घटाउंदै जानुपर्ने ।
४. आगामी आर्थिक बर्षमा बढी प्रतिफल दिन अथक प्रयास गर्नुपर्ने ।

२. श्री श्रीराम गौतम

१. सभामा मन्तव्य राख्ने अवसर दिनु भएकोमा धन्यवाद दिदै खुसी व्यक्त गर्नु भएको ।
२. पोखराबाट स्थापित भएको बैंक र पोखरामै गौरवमय इतिहास बोकेको बैंक भएकोले वार्षिक साधारण सभा पोखरा, कास्कीमा गरेकोमा धन्यवाद व्यक्त गर्नु भएको ।
३. बैंकले साधारण सभा समयमै नै गर्नु पर्नेमा जोड दिनु भएको ।
४. बैंकको NPA घटाउन जोड दिनु पर्ने ।
५. बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाज्यू नेपाल बैंकर्स संघको अध्यक्ष जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको ।
६. बैंकले प्रकाशित गरेको हरेक Digital Product हरुको अझ बढी प्रचार प्रसार गर्नुपर्ने आवश्यकता रहेको धारण व्यक्त गर्नु भएको ।
७. बैंकको प्रगतिको लागि शुभेच्छा व्यक्त गर्नु भएको ।

३. श्री गोविन्द वास्तोला

१. बैंकले लाभांश वितरण गर्न नसकेकोमा गुनासो व्यक्त गर्नु भएको ।
२. बैंकको उच्च व्यवस्थापनको तलव भत्ताका सम्बन्धमा जिज्ञासा व्यक्त गर्नु भएको ।
३. साधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्दै निर्वाचित हुनुहुने सञ्चालकहरुलाई आत्मविश्वासका साथ नयाँ उत्साह सहित सञ्चालक समितिमा प्रवेश गर्न हार्दिक अनुरोध गर्नु भएको ।
४. आगामी आर्थिक बर्षमा धेरै लाभांश पाउने अपेक्षा गर्नु भएको ।

४. श्री विदुर भुषण श्रेत्री

१. यस बैंकलाई यो उचाईसम्म पुऱ्याउने सम्पूर्ण व्यक्तिहरुलाई धन्यवाद व्यक्त गर्नु भएको ।
२. देशको आर्थिक अवस्था लगायत सहकारी सस्थाहरुको अवस्थाको बारेमा विचार व्यक्त गर्नु भएको ।
३. बैंकिङ्ग व्यवसाय चुनौतिपूर्ण रहेको बारे जानकारी गराउनु भएको ।
४. बैंकले गर्दै आएको कर्जा लगानीलाई अझ निरन्तर रुपमा अनुगमन गर्नुपर्ने ।
५. बैंकलाई अझ सवल, सफल, सक्षम र शक्तिशाली बनाउनको लागि शेयरधनीहरुको सल्लाह सुझाव लिएर अघि बढ्नुपर्ने ।
६. बैंकलाई उत्तरोत्तर प्रगति गर्न शुभकामना प्रदान ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाज्यूले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एंव महत्वपूर्ण सुझाव तथा सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुद्धारा व्यक्त जिज्ञासाहरुको सम्बन्ध निम्न बमोजिम स्पष्ट पार्नुभयो ।

१. नेपाल बैंकर्स संघको अध्यक्ष पदमा नियुक्तीका सम्बन्धमा शेधरधनी महानुभावहरुबाट व्यक्त शुभकामनाप्रति हार्दिक धन्यवाद दिनु भएको ।

२. हाल बैंकिङ्ग व्यवसाय अत्यन्त चुनौतिपूर्ण अवस्थामा रहेको साथै बैंकहरुको NPA बड्दै गएको र कर्जा असुल उपर तर्फका कार्यहरु समेत चुनौतिपूर्ण बन्दै गएको बारे जानकारी गराउनु भएको ।

३. संचालन खर्च न्यूनिकरण गर्न प्रतिबद्धता व्यक्त गर्नु भएको ।



Machhapuchchhre Bank Ltd. Head Office

४. बैंकले कर्मचारी खर्च कम गर्दै आएको र बैंकले आफ्ना कर्मचारीहरुलाई आवश्यक तालिम दिंदै कर्मचारीको कार्य दक्षता तथा सेवाको गुणस्तर अभिवृद्धिलाई प्राथमिकता दिइएको बताउनु भएको ।

५. हाल बैंकिङ्ग क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु, नेपाल राष्ट्र बैंकद्धारा जारी गरिएको निर्देशन/परिपत्र तथा बैंकको समग्र वित्तीय अवस्था समेतलाई मध्यनजर गर्दा गएको आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा कायम रहेको वितरणयोग्य मुनाफाको रकम ऋणपत्रको भुक्तानी कोषमा जम्मा गरी राख्न उपयुक्त देखिएकोले यस वर्ष लाभांश वितरण गर्न असमर्थ रहेको कुरा स्पष्ट गराउनु भएको ।

६. ऋणपत्र भुक्तानी कोषमा जम्मा गरिएको रकमबाट ऋणपत्रको भुक्तानी अवधी पश्चात शेयरधनी महानुभावहरुले बोनस शेयर प्राप्त गर्ने जानकारी गराउनु भएको ।

७. आगामी वर्ष बैंकले शेयरधनीलाई उचित प्रतिफल दिने प्रतिबद्धता जनाउँदै सबैलाई हार्दिक नमन गरी धन्यबाद ज्ञापन गर्नुभयो ।

## ११. सभाको निर्णय :

**क. सामान्य प्रस्ताव :**

१. प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. प्रस्ताव नं. ३ बमोजिम यस बैंकको सहायक कम्पनीहरु “माछापुच्छ्रे क्यापिटल लिमिटेड” र “माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड” को आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. प्रस्ताव नं. ४ बमोजिम सभापतीज्यूको अनुमतिले आर्थिक वर्ष २०८१/८२ को लागि बैंकको लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ (१) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम लेखापरीक्षण समितिले सिफारिस गरेको तीन वटा लेखापरीक्षण फर्महरु G.P. Rajbahak & Company, N. Amatya & Company र J.B. Rajbhandary & DiBins मध्येबाट कुनै एक फर्मलाई आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR) तयारी, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण लगायत बाह्य लेखापरीक्षकले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि सम्बन्धित फर्महरुले प्रस्ताव गरेवमोजिमको लेखापरीक्षण शुल्क प्रदान गर्ने गरी बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्न लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले पेश गर्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव



Machhapuchchhre Bank Ltd. Head Office

गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, फर्ममा कार्यरत कर्मचारीहरुको संख्या, योग्यता र अनुभव आदी समेतको आधारमा उत्कृष्ट देखिएको G.P. Rajbahak & Company लाई प्रस्ताव बमोजिम रु २५,००,०००/– (कर तथा अन्य खर्च बाहेक) पारिश्रमिक दिने गरी आर्थिक वर्ष २०८१/८२ को लागि बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम सभापतीज्यूको अनुमतिले बैंकको २५ औं वार्षिक साधारण सभाबाट आर्थिक वर्ष २०८०/८१ को लागि निर्धारण गरिएको लेखापरीक्षकको पारिश्रमिकमा नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्था (Institute of Chartered Accountants of Nepal) ले तोकेको न्यूनतम पारिश्रमिकको मापदण्ड बमोजिम हुने गरी सञ्चालक समितिले थप गरेको लेखापरीक्षकको पारिश्रमिक (रु. ५,००,०००/–) उपर छलफल गरी अनुमोदन गर्न लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले पेश गर्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

६. प्रस्ताव नं. ६ बमोजिम बैंकको संस्थापक शेयरधनी समूहको तर्फबाट सञ्चालक समितिमा रिक्त रहेको सञ्चालक पद २ (दुई) मा कम्पनी ऐन, २०६३ को दफा ९० को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश (३) वमोजिम साविक सञ्चालकहरुको बाँकी कार्यकाल सम्मको लागि श्री मुकुन्द महत र श्री अनिश साहलाई सञ्चालक समितिले गरेको नियुक्तिलाई अनुमोदन गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो साथै स्वतन्त्र सञ्चालक पदमा श्री पेशलराज पोखरेलज्यूलाई नियुक्ति गरिएको व्यहोरा जानकारी गरियो ।

७. प्रस्ताव नं. ७ बमोजिम सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा बैंकको नियमावली तथा सञ्चालक निर्वाचन निर्देशिका २०७५, अनुसार सभालाई निर्वाचन कार्यक्रमको जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न निर्वाचन अधिकृत श्री प्रभात भण्डारीलाई सभापतीज्यूले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाइएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराउँदै तोकिएको समयसिमाभित्र निम्नवमोजिम ४ (चार) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| क्र.सं. | उम्मेदवारहरुको नाम, थर | डिम्याट नं. |
|---|---|---|
| १. | श्री जय मुकुन्द खनाल (भिसा एक्सपेरिटस प्रा.लि.को प्रतिनिधि) | १३०१०९०००३७१८०३ |
| २. | श्री सुनिल नारायण श्रेष्ठ | १३०१३५००००९१४७४ |
| ३. | श्री मनिषा भण्डारी | १३०११२००००८२५१७५ |
| ४. | श्री बिनोद कुमार सिंह | १३०१२००००००५९६४ |

उपरोक्तानुसारका चार जना उम्मेदवारहरुको सम्बन्धमा कुनै किसिमको दावी विरोध उजुरी नपरेको र उम्मेदवारी फिर्ता लिन तोकिएको समय भित्र उहाँहरुले आफ्नो उम्मेदवारी फिर्ता समेत नलिनु भएको हुँदा चार जना उम्मेदवारहरु कै नाम अन्तिम नामावलीको रुपमा प्रकाशित भएको थियो । उम्मेदवारी फिर्ताको समयावधि समाप्त भइसके पश्चात उम्मेदवार श्री बिनोद कुमार सिंहले मिति २०८१/०९/२३ गते बैंक सञ्चालक समितिका अध्यक्षज्यू समक्ष आफ्नो उम्मेदवारी फिर्ता लिन



Machhapuchchhre Bank Ltd. Head Office

निवेदन दिनु भएको हुंदा बैंकको सञ्चालक निर्वाचन निर्देशिका, २०७५ को निर्देशन ११(१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम उम्मेदवार श्री बिनोद कुमार सिंहको उम्मेदवारी फिर्ता गर्न अध्यक्षज्यूले अनुमति दिनु भएको हुनाले निजको नाम उम्मेदवार सूचिबाट हटाउने निर्णय भई सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी कायम रहन गएको हुँदा ३ (तीन) जना उम्मेदवारहरु (१) श्री जय मुकुन्द खनाल (भिसा एक्सपेरिटस प्रा.लि.को प्रतिनिधि), (२) श्री सुनिल नारायण श्रेष्ठ, (३) श्री मनिषा भण्डारी सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट संचालक पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृतले गर्नु भयो र सोलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**ख. विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं १ बमोजिम बैंकको शेयर संरचनामा अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) सम्बन्धि व्यवस्था थप गर्ने तथा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

२. विशेष प्रस्ताव नं २ बमोजिम निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गरियोस र उक्त संशोधनमा नियमनकारी निकायहरु (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक आदी) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सोही अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव समेत पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**प्रबन्धपत्र :**

दफा ४(व) : बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु

नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमा भित्र रही साधारण शेयर, अग्राधिकार शेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।

दफा ५ (ङ) : बैंकको पूंजीको संरचना

बैंकको जारी साधारण शेयरको समूहगत शेयर स्वामित्व (मताधिकार प्राप्त) देहाय अनुसार हुनेछ :

संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ । सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । यस समूहको शेयर मध्येबाट बढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

दफा ६ : बैंकको शेयरको किसिम

बैंकको शेयर साधारण र अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) ले बनेको छ ।



Machhapuchchhre Bank Ltd. Head Office

दफा ७ : शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज

(झ) अविमोच्य असञ्चिति अग्राधिकार शेयर संस्थागत लगानिकर्ताले मात्र धारण गर्ने सुनिश्चित हुने गरी जारी गर्नेछ ।

**नियमावली :**

दफा ५ : गणपूरक संख्या

अग्राधिकार शेयर बाहेकको मताधिकार प्राप्त कूल साधारण सेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना साधारण शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर, नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा अग्राधिकार शेयर बाहेकको मताधिकार प्राप्त कूल साधारण शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना साधारण शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।

दफा १३ (२) : सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या

यस बैंकको संचालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १०० थान साधारण शेयर लिएको हुनु पर्नेछ ।

दफा १५ : मतदान गर्ने अधिकार

(१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक अग्राधिकार सेयर बाहेकको मताधिकार प्राप्त प्रत्येक शेयरधनीले आफूले लिएको प्रत्येक शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन र अग्राधिकार सेयरधनीहरुलाई मताधिकार छैन ।

दफा २३ : विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण

साधारण शेयर र  अग्राधिकार शेयरको व्यवस्था गरिएको तर मताधिकारको हक साधारण शेयरमा मात्र निहित हुनेछ र  शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

दफा २४ : अग्राधिकार शेयर सम्बन्धी व्यवस्था

प्रचलित ऐन तथा कानूनको अधिनमा रही साधारण सभाबाट निर्णय गराई अग्राधिकार शेयर जारी गर्न सकिनेछ । यसरी अग्राधिकार सेयर जारी गर्दा सो सम्बन्धी तोकिएका व्यवस्था तथा शर्तहरू जस्तै उपकरणको प्रकृति, अवधि, लगानी फिर्ता माग गर्ने र नगर्ने, लाभांशको दर तथा असञ्चिति र सञ्चिति, भुक्तानीमा अग्राधिकार, साधारण सेयरमा परिणत हुने/नहुने, मताधिकार लगायतका अन्य आवश्यक कुराहरू साधारण सभाबाट स्वीकृत गरी नियमनकारी निकायबाट स्वीकृति लिई विवरणपत्रमा उल्लेख गरी जारी गर्न सकिनेछ ।



Machhapuchchhre Bank Ltd. Head Office

**ग. विविध :**

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

## १२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषणा र सभाको विसर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नु भयो ।

शेयरधनी महानुभावहरुले समय समयमा प्रदान गर्दै आउनु भएका रचनात्मक एवं मूल्यवान सल्लाह सुझावले हामीलाई नीति निर्धारण गर्न तथा बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण मार्गदर्शन प्राप्त हुँदै आएको बिचार ब्यक्त गर्नुभयो । बैंकको भविष्य शुनिश्चित र उज्जवल रहेको र आगामी दिनहरुमा कुनै बाध्यात्मक स्थिती नआएमा पक्कै शेयरधनी महानुभावहरुलाई उचित प्रतिफल वितरण गर्न सकिने विश्वास दिलाउनु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो रचनात्मक एवं अमूल्य राय, सल्लाह, सुझावसहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो छब्बीसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

| | | |
|---|---|---|
| ..................... | Machhapuchchhre Bank Ltd. Head Office | ..................... |
| सुभाष जमरकटेल | | रोशन के.सी. |
| कम्पनी सचिव | | सभाका सभापति/अध्यक्ष |